जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ ● अंक २९८ ● २०८३ भदौं १ गते सोमवार ● 17 Aug. 2026 ● पृष्ठ ४ ● मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# बलवा नगरपालिकामा नवनिर्मित दुई कोठे विद्यालय भवन र तीन कोठे सामुदायिक भवनको उद्घाटन



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३१ श्रावण**

महोत्तरीको बलवा नगरपालिकामा विद्यालयको भौतिक पूर्वाधार विस्तारसँगै नवनिर्मित दुई कोठे विद्यालय भवन र तीन कोठे सामुदायिक भवन उद्घाटन गरिएको छ। बलवा नगरपालिका-२ बदियास्थित श्री माध्यमिक विद्यालयको नवनिर्मित दुई कोठे भवन नगरप्रमुख रामविजय महतोले उद्घाटन गरेका हुन् । विद्यालयमा कक्षाकोठाको अभावका कारण पठनपाठनमा समस्या हुँदै आएपछि नगरपालिकाको बहुवर्षीय बजेटबाट भवन निर्माण गरिएको नगरप्रमुख महतोले बताए ।

उद्घाटन कार्यक्रममा बोल्दै नगरप्रमुख महतोले नगर क्षेत्रका विद्यालयमा अझै पनि शिक्षक, कक्षाकोठा तथा भौतिक पूर्वाधारको अभाव रहेको बताउँदै शिक्षा क्षेत्रको सुधारलाई प्राथमिकताका साथ अघि बढाइने जानकारी दिए । उनका अनुसार शिक्षक अभाव पूर्ति गर्न नगरपालिकाले विज्ञापन आह्वान गर्दा ३६ जनाले आवेदन दिएका थिए। तीमध्ये १६ जना मात्रै छनोट भएका छन् । 'शिक्षकको अभाव छ । तर, विद्यालयको पठनपाठन प्रभावित हुन नदिन नगरपालिकाले आफ्नो तर्फबाट सक्दो प्रयास गरिरहेको छ,'उनले भने ।

विद्यालयका प्रधानाध्यापक मणिराम ठाकुरले विद्यालयमा १२ वटा कक्षाकोठा रहे पनि एल्बेस्टर र टिनको छाना भएका कोठामा गर्मी मौसममा विद्यार्थीलाई पठनपाठन गर्न कठिन हुने गरेको बताए । नयाँ भवन निर्माणपछि विद्यार्थी तथा शिक्षकलाई सहज हुने उनको भनाइ छ ।

प्रधानाध्यापक ठाकुरका अनुसार विद्यालयमा हाल ४५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । विद्यार्थीको सङ्ख्याको तुलनामा शिक्षक पर्याप्त नभएकाले विषयगत शिक्षकको व्यवस्था गर्न उहाँले नगरप्रमुखसँग आग्रह गरे । कार्यक्रममा बलवा नगरपालिका-२ का वडाध्यक्ष शशीभूषण साह, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उमेश महतो, शिक्षा शाखा संयोजक राजकिशोर झा तथा विभिन्न राजनीतिक दलका प्रतिनिधि लगायतको उपस्थिति थियो । यसैबीच, नगरप्रमुख महतोले सोही वडामा निर्माण गरिएको तीन कोठे सामुदायिक भवनको समेत उद्घाटन गरेका छन् । नगरपालिकाको बजेटबाट निर्माण भएका दुवै भवनले स्थानीयस्तरमा शैक्षिक तथा सामुदायिक गतिविधि सञ्चालनमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

# 'शिक्षा संवाद' अभियान अन्तर्गत मधेश प्रदेशमा दोस्रो दिनको कार्यक्रम सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ श्रावण**



शिक्षा ऐन निर्माणअघि शिक्षा तथा खेलकुद मन्त्रालयले सञ्चालन गरिरहेको 'शिक्षा संवाद' अभियान अन्तर्गत मधेश प्रदेशमा दोस्रो दिनको कार्यक्रम सम्पन्न भएको छ ।

जनकपुरधामस्थित श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयमा प्रधानाध्यापक एसोसिएसन नेपालको सहजीकरणमा आयोजित कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाबाट शिक्षा क्षेत्रका २११ जना सरोकारवालाको सहभागिता रहेको थियो ।

कार्यक्रममा शिक्षाविद् डा. विद्यानाथ कोइराला, शिक्षा तथा खेलकुदमन्त्रीका सल्लाहकार शैलेन्द्र झा, विद्यालय शिक्षा महाशाखा प्रमुख शिव सापकोटा, प्रधानाध्यापक एसोसिएसन नेपालका अध्यक्ष सुदाम गौतम तथा शिक्षा अभियन्ता अभिषेक घिमिरे लगायतको सहभागिता थियो । कार्यक्रममा शिक्षक, प्रधानाध्यापक, अभिभावक तथा शिक्षा क्षेत्रमा क्रियाशील अगुवाहरूले आगामी शिक्षा ऐनमा समेटिनुपर्ने विषयबारे सुझाव दिएका थिए । उनीहरूले विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनुपर्ने, विद्यालय तहमा देखिएका व्यवहारिक समस्या समाधान गर्नुपर्ने तथा शिक्षक र विद्यालयका आवश्यकतालाई ऐनमा स्पष्ट रूपमा सम्बोधन गर्नुपर्नेमा जोड दिए । सरोकारवालाहरूले विद्यालय शिक्षाको विकासमा स्थानीय समुदायको अपनत्व र सहभागिता बढाउनुपर्ने धारणा राख्दै शिक्षा सुधारका लागि नीति निर्माणदेखि कार्यान्वयन तहसम्म सरोकारवालाको अर्थपूर्ण सहभागिता आवश्यक रहेको बताएका थिए ।




## सूचनाको हक: नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## नागरिकको आत्मानुशासनमा जोड दिऔं

सुशासनको प्रत्याभूति हुन नसकेर नै आम नागरिकलाई विकास र समृद्धिको अनुभूत नभएको देखिन्छ । बिदेसिने अधिकांशले देशमा सुशासन नभएको अनि व्याप्त भ्रष्टाचार, कुशासन, अराजकता र दण्डहिनताले विरक्त भएको भन्छ । सहभागिता, कानुनी शासन, पारदर्शिता, जवाफदेहिता, स्वीकार्यता, समानता, प्रभावकारिता, उत्तरदायित्व जस्ता पक्ष यसका प्रमुख आधार हुन् । यद्यपि देशको राजनीति र सरकारहरू यसलाई व्यवहारमा स्पस्ट उतार्न र नागरिकलाई देशमा सुशासन कायम छ भन्ने विश्वासमा लिन अनवरत चुकेको देखिन्छ। हामीकहाँ त स्वशासन (सबैले आफूलाई मन परेको र जायज लागेको हिसाबले मात्र काम गर्ने) अभ्यास मौलाउँदै गएको देखिन्छ । खाली राजनीतिक अन्तरविरोधलाई चर्काउनु, निकास निकाल्नु साथै भयंकर भाषणबाजी गर्नुलाई नै स्थायी उपलब्धि मान्ने दुर्भाग्यले हाम्रो देशमा सामरिक सुशासन कायमचाहिँ कमजोर भएको देखिन्छ। विश्व-मानचित्रमा आर्थिक-सामाजिक परिवर्तन र प्रगतिका हिसाबले सवल मानिएका अधिकांश देश नेपालभन्दा सानो रहेको देखिन्छ ।

क्षेत्रफलको आधारमा हामी संसारको ९४ औं ठूलो राष्ट्र हौं तर विद्यालयमा हामी धेरै साना छौं हाम्रो मुटु सानो रहेको देखिन्छ भन्ने जस्ता कविता पढाइन्छ र गलत मानसिकता निर्माण गरेका देखिन्छ । त्यसैले अब सुधार नागरिकको तहमा पनि खोजिनुपर्ने देखिन्छ । सरकारसँग सुशासनको अपेक्षा गर्ने कुरा नाजायज त होइन तर सबै नागरिकमा आत्मानुशासन भएन भने सुशासन कायम हुँदैन । सुशासनको प्रधान आधार नै नागरिकको आत्मानुशासन हो, जुन आधारमा सघन सबलीकरणको आवश्यकता रहेको देखिन्छ ।

# कलभर्टको पर्खालबाट खाल्टोमा खसेर जमेको पानीमा डुब्दा पाँच वर्षीया बालिकाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ३१ श्रावण**



रौतहटको परोहा नगरपालिका-९ खापड टोलमा कलभर्टको पर्खालबाट खाल्टोमा खसेर जमेको पानीमा डुब्दा पाँच वर्षीया बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय शेख मेहबुल हककी पाँच वर्षीया छोरी फातमा खातुन रहेकी छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक बसन्त गौतमका अनुसार फातमा शनिबार बिहान बाखा चराउन घरबाट निस्किएकी थिइन् । बाखा चराउने क्रममा उनी कलभर्टको पर्खालबाट खाल्टोमा खसेर जमेको पानीमा डुबेकी थिइन् । बालिका पानीमा डुबेको देखेपछि स्थानीयवासीले तत्कालै उनलाई पानीबाट बाहिर निकालेका थिए। घटनाबारे बिहान करिब साढे ९ बजे प्रहरी चौकी रामपुरखापमा जानकारी पुगेको थियो। सूचना प्राप्त भएपछि प्रहरी सहायक निरीक्षक धीरेन्द्रकुमार झाको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो ।

घटनाको थप अनुसन्धान तथा आवश्यक मुचुल्काका लागि जिल्ला प्रहरी कार्यालय रौतहटबाट प्रहरी निरीक्षक विश्वनाथ यादवको नेतृत्वमा थप प्रहरी टोलीसमेत घटनास्थलमा खटाइएको प्रहरीले जनाएको छ । मृतक बालिकाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# ग्यास व्यवसायी संघ धनुषाका अध्यक्ष पण्डितको व्यवसायिक प्रतिष्ठानबाट ठूलो परिमाणमा ग्यास बरामद

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ श्रावण**



बजारमा खाना पकाउने ग्यासको अभाव देखिएका बेला ग्यास व्यवसायी संघ धनुषाका अध्यक्ष फुलदेव पण्डितको व्यवसायिक प्रतिष्ठानबाट ठूलो परिमाणमा ग्यास बरामद भएको छ। जनकपुरधाम उपमहानगरपालिका बजरंगचोकस्थित पण्डितले सञ्चालन गर्दै आएको सागर ट्रेडर्सबाट १३१ वटा मनोज कम्पनीका भरिएका ग्यास सिलिन्डर बरामद गरिएको हो ।

उपभोक्ताबाट ग्यास लुकाएर राखिएको गुनासो आएपछि नेपाल आयल निगम महेन्द्रनगर डिपोबाट रामराज सिंहको नेतृत्वमा खटिएको अनुगमन टोलीले सागर ट्रेडर्समा अनुगमन गरेको थियो ।

टोलीले पसलको सटर बन्द रहेको अवस्थामा छापा मार्दा १३१ वटा भरिएका ग्यास सिलिन्डर फेला पारेको जनाएको छ । अनुगमन टोलीका अनुसार बजारमा ग्यासको अभाव भइरहेका बेला उपभोक्तालाई बिक्री वितरण नगरी सटर बन्द गरेर ठूलो संख्यामा सिलिन्डर राखिएको पाइएको हो ।

टोलीका एक कर्मचारीले उपभोक्तालाई ग्यास उपलब्ध नगराई सटरमा ताला लगाएर सिलिन्डर भण्डारण गरिएको अवस्थालाई कालोबजारीको आशंकाका रूपमा लिइएको बताए । उनका अनुसार घटनाबारे जिल्ला प्रशासन कार्यालय धनुषाको समन्वयमा आवश्यक कारबाही प्रक्रिया अघि बढाइनेछ । यता, सागर ट्रेडर्सका सञ्चालकसमेत रहेका ग्यास व्यवसायी संघ धनुषाका अध्यक्ष पण्डितले भने आफूले कालोबजारी नगरेको दाबी गरेका छन् ।

उपभोक्तालाई वितरण गर्नकै लागि ग्यास राखिएको र ग्राहकको नामावली संकलन गरेर बिक्री वितरण गर्दै आएको उनको भनाइ छ । पण्डितले वितरणका लागि राखिएको ग्यासमा अनुगमन टोलीले छापा मारेको भन्दै आफूले ग्यास लुकाएर राखेको आरोप अस्वीकार गरेका छन् ।



अनुरोधकर्ता
लक्ष्मिनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: पिछडेको साथी मिल्ने
मिथुन: लामो यात्राको योग छ
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: शुभ कार्यको शुरुवात
कन्या: अनावश्यक खर्चको संभावना
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अनावश्यक चिन्ता
मकर: मनमा पछुतो आउने
कुम्भ: पढाईमा ध्यान दिनुपर्ने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनवाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# वीरगन्जमा उठ्यो उपभोक्ता अदालतको माग, ऐन ल्याउन पहल गर्ने मन्त्री पटेलको प्रतिबद्धता



**दिपक श्रेष्ठ मण्डल**
**विरगंज, ३१ श्रावण**

देशकै प्रमुख आर्थिक तथा व्यापारिक केन्द्र वीरगन्जमा उपत्यकाबाहिरको पहिलो उपभोक्ता अदालत स्थापना गर्नुपर्ने माग सरोकारवालाहरूले गरेका छन्। ठूलो व्यापारिक कारोबार हुने वीरगन्जमा उपभोक्ताका समस्या, अधिकार तथा गुनासो प्रभावकारी रूपमा सम्बोधन गर्न छुट्टै उपभोक्ता अदालत आवश्यक रहेको उनीहरूको भनाइ छ।

उपभोक्ता हित संरक्षण मञ्च पर्साले आयोजना गरेको 'उपभोक्ता अदालतको स्थापना, सञ्चालन तथा विस्तार र नसर्ने रोग रोकथाम' विषयक अन्तरक्रियामा सहभागीहरूले वीरगन्जको आर्थिक महत्वलाई आधार बनाउँदै उपभोक्ता अदालत स्थापनाका लागि तत्काल पहल गर्न सरकारको ध्यानाकर्षण गराए। कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिस पटेलले मधेश प्रदेशमा उपभोक्ता ऐन निर्माणका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए। उनले वीरगन्जमा उपभोक्ता अदालत स्थापना गर्ने विषयमा मन्त्रालयका तर्फबाट आवश्यक सहयोग उपलब्ध गराउने बताए।

मन्त्री पटेलले उपभोक्ताको अधिकार संरक्षणसँगै न्यायमा सहज पहुँच सुनिश्चित गर्न संस्थागत संरचना बलियो बनाउनुपर्नेमा जोड दिँदै उपभोक्ता अदालतको कार्यक्षेत्र र पहुँच विस्तार समयको आवश्यकता भएको बताए।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत धनी सिंहले बदलिँदो जीवनशैली, अस्वस्थ खानपान, शारीरिक निष्क्रियता तथा मदिरा सेवनका कारण नसर्ने रोगको जोखिम बढ्दै गएको बताए। उनले नसर्ने रोगबाट हुने अकाल मृत्यु न्यूनीकरणका लागि व्यक्तिगत सचेतनादेखि सरकारी तहसम्म निरन्तर र प्रभावकारी अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए।

उपभोक्ता हित संरक्षण मञ्च पर्साका अध्यक्ष सुनिल श्रेष्ठको अध्यक्षतामा सम्पन्न अन्तरक्रियाको सहजीकरण केन्द्रीय उपाध्यक्ष अजय अधिकारीले गरेका थिए।

कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णजंग थापा, वीरगन्ज महानगरपालिका-२५ का वडा अध्यक्ष आशुतोष चतुर्वेदी, बार एसोसिएसन पर्सा, ज्येष्ठ नागरिक संघ तथा मानव अधिकार क्षेत्रमा क्रियाशील संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो। सोही अवसरमा उपभोक्ता अधिकारका विषयमा निरन्तर कलम चलाउँदै आएका पत्रकार निरज पिठाकोटे, तुलसी भण्डारी र अजितकुमार भुजेल तथा अधिकारकर्मी अजय अधिकारीलाई सम्मानपत्र प्रदान गरी सम्मान गरिएको थियो।

# जनकपुरधाममा अपाङ्गता सम्बन्धी सृजनात्मक सिकाइ अभियान सम्पन्न

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ३१ श्रावण**



जनकपुरधाममा अपाङ्गता सम्बन्धी सृजनात्मक सिकाइ अभियान सम्पन्न भएको छ। नेत्रहीन युवा संघ नेपाल (BYAN) को आयोजनामा पौवा होटलमा सम्पन्न अभियानमा आन्दोलन, पैरवी तथा सचेतना अभिवृद्धिमा युवाहरूलाई सक्रिय रूपमा संलग्न गराउने उद्देश्यले अपाङ्गता भएका युवाले भोग्दै आएका चुनौती र समाधानका उपायबारे छलफल गरिएको थियो।

कार्यक्रममा शिक्षा, स्वास्थ्य, रोजगारी तथा राजनीतिक सहभागितालगायतका क्षेत्रमा अपाङ्गता भएका युवाको अर्थपूर्ण सहभागिता, उपस्थिति तथा नेतृत्व अभिवृद्धि गर्न अपनाउन सकिने व्यावहारिक उपायबारे छलफल गरिएको थियो।

'यात्रा परियोजना' अन्तर्गत आयोजित कार्यक्रममा सहभागीहरुले दृष्टि लगायत अन्य अपाङ्गता भएका युवाले शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक सहभागिता तथा नेतृत्व विकासका क्षेत्रमा भोग्दै आएका चुनौती, अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने उपाय तथा नेतृत्व विकासका व्यावहारिक माध्यमबारे आफ्ना अनुभव साझा गरेका थिए। कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघका महासचिव विजयकुमार यादव, अपाङ्ग महिला संघ धनुषाकी ममता भट्ट, महोत्तरी नेत्रहीन संघका राजीवकुमार साह तथा महोत्तरी बहिरा संघका प्रमोद वर्मालगायतको सहभागिता रहेको थियो। नेत्रहीन युवा संघका समावेशीकरण सहजकर्ता प्रकाश दत्तले कार्यक्रम सञ्चालन गरेका थिए भने संघका क्षमता सुदृढीकरण तथा ज्ञान व्यवस्थापन अधिकृत विजयकुमार महतोले सहजीकरण तथा विषयगत छलफलमा सहभागिता जनाएका थिए।

# करेन्ट लागेर एक २३ वर्षीया महिलाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ श्रावण**

जनकपुरधाममा खानेपानीको मोटरको स्वीच थिच्ने क्रममा करेन्ट लागेर एक २३ वर्षीया महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा महोत्तरीको एकडारा गाउँपालिका-१ की रविन्द्र महतोकी श्रीमती पुनिता कुमारी महतो रहेकी छन्। प्रहरीका अनुसार पुनिता जनकपुरधाम-१७ स्थित आफ्ना भिनाजुको घरमा आएकी थिइन्। घरमा खानेपानीको मोटर चलाउन स्वीच थिच्ने क्रममा उनलाई अचानक करेन्ट लागेको थियो। करेन्ट लागेर गम्भीर घाइते भएकी पुनितालाई उपचारका लागि अस्पताल लगिएको भए पनि चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।













# विचारको बहुलतामा निहित लोकतन्त्रको शक्ति

-प्रसिद्ध राजनीतिक दार्शनिक हाना अरेन्टका अनुसार राजनीतिको आधार नै मानिसको विविधता र बहुलता हो। मानिस स्वभाव, अनुभव, मूल्य र दृष्टिकोणका हिसाबले फरक हुन्छन् र यही भिन्नताले राजनीतिको औचित्य सिर्जना गर्छ। त्यसैले राजनीति भनेको सबैलाई एउटै विचारधारामा समेट्ने वा असहमतिलाई दबाउने प्रक्रिया होइन, बरु फरक विचारलाई स्वतन्त्र रूपमा अभिव्यक्त, परीक्षण र प्रतिस्पर्धा गर्न सक्ने सार्वजनिक क्षेत्र निर्माण गर्नु हो।

जहाँ विचारबीच तर्कपूर्ण प्रतिस्पर्धा हुन्छ, त्यहाँ नीति परिष्कृत हुन्छन्, संस्था बलिया बन्छन् र लोकतन्त्र परिपक्व हुन्छ। जहाँ असहमतिलाई शत्रुताका रूपमा हेरिन्छ, त्यहाँ लोकतन्त्रको आत्मा कमजोर बन्छ। यसकारण लोकतन्त्रको शक्ति मतको एकरूपतामा होइन, विचारको बहुलतामा निहित हुन्छ। यसर्थ, लोकतन्त्रको शक्ति निर्वाचनको आवधिकतामा होइन, विचार, सिद्धान्त र नीतिबीच हुने निरन्तर वैचारिक प्रतिस्पर्धामा निहित हुन्छ। जर्मन दार्शनिक हेगेलले इतिहासलाई विचारको निरन्तर विकासक्रमका रूपमा व्याख्या गरेका छन्। उनका अनुसार इतिहास अगाडि बढ्नुको मूल कारण स्थापित विचार र विरोधी विचारबीचको द्वन्द्व र त्यसबाट उत्पन्न हुने नयाँ संश्लेषण हो। नेपालको आधुनिक राजनीतिक इतिहास पनि यसको अपवाद होइन। यहाँका प्रमुख राजनीतिक परिवर्तनहरू कुनै आकस्मिक सत्ता परिवर्तनका परिणाम थिएनन्, तिनको आधार गहिरो वैचारिक बहस र राजनीतिक दृष्टिकोणको विकास थियो। बीपी कोइरालाले प्रतिपादन गरेको प्रजातान्त्रिक समाजवादले राजनीतिक स्वतन्त्रता, नागरिक अधिकार, सामाजिक न्याय र लोकतान्त्रिक संस्थालाई एउटै वैचारिक धरातलमा जोड्ने प्रयास गर्‍यो। त्यस्तै मदन भण्डारीले अघि सारेको जनताको बहुदलीय जनवादले बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गर्दै लोकतान्त्रिक प्रक्रियाबाट समाजवादतर्फ अघि बढ्ने नेपाली वैचारिक मार्ग प्रस्तुत गर्‍यो। यी दुवै धाराबीच दृष्टिकोण र रणनीतिमा भिन्नता भए पनि एउटा साझा निष्कर्ष स्पष्ट थियो- विचार, लोकतन्त्र र सामाजिक न्यायबाट विमुख भएको राजनीति अन्ततः दिशाहीन, अवसरवादी र व्यक्तिकेन्द्रित बन्छ।

सिद्धान्त विहीन राजनीतिले तत्कालीन सत्ता समीकरण त बदल्न सक्छ, तर समाजलाई दीर्घकालीन रूपान्तरणको दिशा दिन सक्दैन। अर्कोतर्फ दुवै वैचारिक बहस शीर्ष नेताहरूका भाषण, दस्तावेज वा घोषणापत्रमा मात्र सीमित थिएन। पार्टी विद्यालय, वैचारिक प्रशिक्षण, अध्ययन मण्डल, प्रकाशन, संगठनात्मक छलफल र नियमित राजनीतिक शिक्षामार्फत ती विचारहरू कार्यकर्ताको चेतना र व्यवहारसम्म व्यवस्थित रूपमा पुर्‍याइन्थे। कार्यकर्तालाई नाराभन्दा पहिले विचार सिकाइन्थ्यो, संगठनभन्दा पहिले सिद्धान्त बुझाइन्थ्यो, आन्दोलनभन्दा पहिले त्यसको राजनीतिक उद्देश्य, ऐतिहासिक औचित्य र सामाजिक दायित्व स्पष्ट पारिन्थ्यो। यसले नेतृत्व र कार्यकर्ताबीच वैचारिक एकरूपता, अनुशासन र राजनीतिक उत्तरदायित्व निर्माण गर्थ्यो।

राजनीतिलाई केवल सरकार बनाउने वा सत्ता प्राप्त गर्ने साधनका रूपमा हेरिँदैनथ्यो, बरु समाजको संरचनात्मक रूपान्तरण गर्ने दीर्घकालीन वैचारिक अभियानका रूपमा बुझिन्थ्यो। यही कारणले राजनीतिक दलहरू केवल निर्वाचन जित्ने संगठन मात्र थिएनन्, तिनीहरू विचार उत्पादन गर्ने विद्यालय, नेतृत्व निर्माण गर्ने संस्था र सामाजिक परिवर्तनका वाहकका रूपमा स्थापित भएका थिए। आजको राजनीतिक यथार्थ फरक छ। दलहरू आफ्ना विचार, नीति र कार्यक्रमका आधारमा प्रतिस्पर्धा गर्नुभन्दा व्यक्तिकेन्द्रित छवि, चुनावी नाराबाजी र सामाजिक सञ्जालमा आधारित लोकप्रियताको दौडमा अल्झिएका छन्। राजनीतिक बहस नीतिबाट हटेर आरोप-प्रत्यारोप, व्यक्तिगत आक्षेप र चरित्रहत्यातर्फ सरेको छ। विचारको राजनीति विस्तारै विकारको राजनीतिमा रूपान्तरण हुँदैछ। यसको सबैभन्दा स्पष्ट उदाहरण डिजिटल सार्वजनिक वृत्तमा देखिन्छ। 'नयाँ र पुराना दल' को बहसले नेपालको राजनीतिक विमर्शलाई नीतिगत छलफलबाट टाढा पुर्‍याएको छ। अर्थतन्त्र कसरी सुधार्ने, रोजगारी कसरी सिर्जना गर्ने, शिक्षा र स्वास्थ्यलाई कसरी गुणस्तरीय बनाउने, संघीय शासनलाई कसरी प्रभावकारी बनाउने भन्ने प्रश्न नै ओझेलमा परेका छन्। पुराना दलका समर्थकहरू नयाँ उदीयमान शक्तिहरूलाई नीति र कार्यक्रमका आधारमा होइन, केवल 'अनुभवहीन, पपुलिस्ट र मिडिया स्टन्ट' को पगरी गुथाउन र निरन्तर खेदो खन्न व्यस्त छन्। दशकौंदेखि सत्ता र शक्तिको अभ्यास गरेका दलहरूले नयाँ सोच र पुस्तालाई राजनीतिक स्पेस दिनुको साटो संशय र उपहासको नजरले हेर्नु उनीहरूको आफ्नै वैचारिक र सांगठनिक जडताको परिणाम हो। जहाँ विचारबीच तर्कपूर्ण प्रतिस्पर्धा हुन्छ, त्यहाँ नीति परिष्कृत हुन्छन्, संस्था बलिया बन्छन् र लोकतन्त्र परिपक्व हुन्छ। जहाँ असहमतिलाई शत्रुताका रूपमा हेरिन्छ, त्यहाँ लोकतन्त्रको आत्मा कमजोर बन्छ।

अर्कोतर्फ, नयाँ र वैकल्पिक भनिने शक्तिहरूका समर्थकहरूको सामाजिक मनोविज्ञान झन् बढी आक्रामक र खतरनाक देखिँदै गएको छ। उनीहरू पुराना दलका नेता-कार्यकर्तालाई मात्र होइन, वर्षौंदेखि ती दललाई मत दिँदै आएका आम नागरिक र मतदातालाई समेत 'भ्रष्ट, झोले र देशद्रोही' को ट्याग भिराउन हिचकिचाउँदैनन्। फरक मत राख्नेबित्तिकै सामाजिक रूपमा बहिष्करण गर्ने, गालीगलौजमा उत्रने र चरित्रहत्या गर्ने यो 'डिजिटल भीडतन्त्र' ले सहिष्णुता र संवादलाई नै सिध्याउँदै लगेको छ। सामाजिक सञ्जालको कमेन्ट बक्स, टिकटक र एक्स (ट्विटर) मा आधारित 'डिजिटल भीडतन्त्र' ले तर्क, तथ्य र संवादको संस्कृतिलाई विस्थापित गरिदिएको छ। नयाँ र पुरानाका समर्थकहरूबीच जारी 'गालीगलौजको कुरुक्षेत्र' मा विकासका एजेन्डाहरू ओझेलमा परेका छन्। न अर्थतन्त्र सुधारको खाका छ, न युवा पलायन रोक्ने ठोस नीति। बस् एक-अर्कालाई खुइल्याउने परिश्रमले सामाजिक सञ्जाल रंगिएको छ। जब राजनीतिमा विचार, प्रमाण र तर्कको स्थान अन्धसमर्थन, भावनात्मक उत्तेजना र अहंकारले लिन थाल्छ, तब संवाद गालीगलौजमा रूपान्तरण हुन्छ, आलोचना शत्रुतामा बदलिन्छ र नागरिक स्वतन्त्र विवेचक होइन, भीडको सदस्य बन्न पुग्छन्। यसले लोकतन्त्रको आत्मा कमजोर बनाउँछ, किनकि लोकतन्त्रको शक्ति सबैले एकै ढंगले सोच्नुमा होइन, फरक मतलाई सम्मान गर्दै तर्क, प्रमाण र विवेकका आधारमा साझा निष्कर्ष खोज्न सक्ने संस्कृतिमा निहित हुन्छ।



संसारका कुनै पनि लोकतान्त्रिक मुलुकमा नयाँ शक्तिको उदय हुनु र पुराना दलहरूले चुनौतीको सामना गर्नु एक स्वाभाविक राजनीतिक प्रक्रिया हो। तर, हाम्रो सन्दर्भमा यो प्रक्रिया स्वस्थ प्रतिस्पर्धामा होइन, कुरुप ध्रुवीकरणमा परिणत भएको छ। पुराना दलहरूले आफ्ना गल्तीहरू सुधारेर कार्यसम्पादन सुधार्ने तत्परता देखाउनुको साटो अहंकार पालेर बस्नु र नयाँले आक्रोश र कुण्ठा बेचेर विकल्प बन्न खोज्नु दुवै आत्मघाती बाटो हुन्। यदि कुनै नयाँ वा वैकल्पिक शक्ति पनि व्यक्तिकेन्द्रित राजनीति, लोकप्रियतावादी भाष्य र तात्कालिक प्रतिक्रियामै सीमित रहन्छ भने त्यो पुरानो राजनीतिक संस्कृतिलाई प्रतिस्थापन होइन, केवल नयाँ अनुहारमा भइरहेको पुनरावृत्ति मात्र हो। त्यसैले वास्तविक विकल्पको मापन दल कति नयाँ छ भन्ने आधारमा होइन, उसले राजनीतिमा कति नयाँ विचार, नयाँ संस्कार र नयाँ कार्यसम्पादन स्थापित गर्न सक्छ भन्ने आधारमा हुनुपर्छ। चेत होस्, भीडले क्षणिक रूपमा ताली र हुटिङ त दिन सक्छ, तर मुलुक चलाउन परिपक्व नीति, दूरदर्शिता र विधिको शासन नै चाहिन्छ। डिजिटल स्पेसमा जारी यो विचारशून्य हिलो छ्यापाछ्यापले कसैलाई पनि जनताको नजरमा महान् बनाउँदैन, बरु समग्र राजनीतिको साखलाई नै गिराउँछ। तसर्थ, संवादलाई गालीको संस्कृतिबाट मुक्त गरी पुनः विचार, एजेन्डा र डेलिभरीको धरातलमा फर्काउनु आजको आवश्यकता हो। अन्त्यमा, वर्षौंदेखि शासनको नेतृत्व गरेका दलहरूले आफ्ना कमजोरी-सुशासनको अभाव, भ्रष्टाचार, कमजोर सेवा प्रवाह, आन्तरिक लोकतन्त्रको क्षय र जनविश्वासमा आएको गिरावटलाई गम्भीर रूपमा समीक्षा गरेर सुधारको मार्ग समात्नुपर्ने हो। तर, उनीहरू अझै पनि विगतको राजनीतिक योगदानकै आधारमा जनसमर्थन स्वतः प्राप्त हुने मानसिकता देखिन्छ।

साभार : कान्तिपुर।


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
शहिदनगर नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश






अनुरोधकर्ता
धनौजी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday